आज मिति २०८१ साल चैत्र ११ गते तदनुसार ( March 24, 2025) सोमवार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री सर्मिला राई | अधिकृत सातौं | |
| **कार्यबाहक :** | | |
| श्री गायत्री प्रसाद दाहाल | ६नं. वडा कार्यबाहक अध्यक्ष | |
| | | |

**२०८१ साल चैत्र ११ गते तदनुसार March 24, 2025 सोमवार बैठकमा पेश भएका कार्यसूचीहरु :**

१. निमित प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा ।

२. भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

३. पून सूचना प्रकाशन सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१: यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री छविलाल राईको सरुवा भई अन्यत्र रमाना भईसकेको र हाल प्रमुख प्रशासकीय अधिकृतको दरवन्दी रिक्त रहेको, गाउँपालिकामा कायम आठौं तहको दरवन्दीमा लेखा अधिकृत श्री भोग बहादुर राई र इन्जिनियर श्री सुनिल तामाङ कार्यरत रहनु भएकामा इन्जिनियर श्री सुनिल तामाङले मिति २०८२ वैशाख १ गतेवाट लागू हुने गरी २ वर्षको अध्ययन विदा (वेतलवी) स्वीकृत गराउनु भएकाले अर्को प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नभएसम्मको लागि गाउँपालिकामा कार्यरत वरिष्ठ कर्मचारीका रुपमा रहनु भएका मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगरको च. नं. वि./शा./ई./३१३४, मिति २०८१/११/०८ गतेको पत्रानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ को उपदफा (१) को खण्ड (क) वमोजिम बढुवा समितिको मिति २०८१/१०/१५ गतेको निर्णयानुसार यस मानेभन्ज्याङ गाउँपालिकाको कार्यालयमा स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समुह अधिकृत, अधिकृतस्तर सातौं तहको पदमा बढुवा भै आउनभएको र २०८१/१२/०४ गतेदेखि हाजिर भई कामकाज गरिरहनु भएका श्री शर्मिला राई (क. सं. नं. १३९२०३) लाई आर्थिक अधिकार समेतको निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकी आर्थिक तथा प्रशासकीय कार्य सञ्चालनको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२: यस मानेभन्ज्याङ गाउँपालिकाको वडा न.७ मा बसोबास गरी आएका भूमिहिन दलित,भूमिहिन सुकुम्वासी को निस्सा प्राप्त गरेका व्यक्तिहरूलाई साविक टोक्सेल गा.वि.स. वडा न. १ को कित्ता न.२९० र ४७ वाट क्रमसः रेनुका कुमारी गौतम,सोम वहादुर दमाई,मस्त वहादुर दमाई लाई प्रत्येक व्यक्ति बरावर आवास प्रयोजनका लागि ३४० व.मी क्षेत्रफलको जग्गा दिने गरी र मानेभन्ज्याङ गाउँपालिकाको वडा न.४ मा रहेका आएका भूमिहिन दलित,भूमिहिन सुकुम्वासी को निस्सा प्राप्त सुचिकृत भएका नागरिकहरू मध्य विनोद अधिकारीलाई साविक मोली गा.वि.स. वडा न.९ भई हाल मानेभन्ज्याङ गाउँपालिका वडा न. ४ मा पर्ने कित्ता न.२९९ वाट चार आना दुइ दाम र सुकुनी माया सार्कीलाई साविक माधवपुर गा.वि.स. वडा न. ८ भई हाल मानेभन्ज्याङ गाउँपालिका वडा न. ४ मा पर्ने कित्ता न.१८६ को निजले नियमानुसार पाउने जग्गा उपलब्ध गराउने निर्णय सर्वसहमंत पारित गरि जिल्ला समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.३: यस मानेभन्ज्याङ गाउँपालिकाभित्र रहेका भूमिहिन दलित,भूमिहिन सुकुम्वासी हरूको लगत संकलन गर्न अधिल्लो सूचना प्रकाशन गरिएको अवधिमा केहि निवेदन तथा फाराम भर्न छुट भएका सम्पूर्ण सम्भावित भूमिहिन दलित,भूमिहिन सुकुम्वासी हरूलाई प्रकृयामा सामेल गर्न जिल्ला आयोग मार्फत केन्द्रिय आयोगमा पून सूचना प्रकाशन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

२०८१-१२-११